# स्थानीय राजपत्र


**उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित**

खण्ड : ६ संख्या :११ मिति : २०७९/११/२५


## भाग - २

# बाल क्लब तथा बाल सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७९

उमाकुण्ड गाउँपालिकाभित्र बाल क्लब तथा बाल सञ्जाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि उमाकुण्ड गाउँपालिकाले बाल क्लव तथा बाल सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका, २०७९ जारी गरी सबैको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

# बाल क्लब तथा बाल सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७९

**प्रस्तावना**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल समूह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको नमुना निर्देशिकालाई आधार मानी यस गाउँपालिकाभित्र बाल क्लब तथा बाल सञ्जाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि उमाकुण्ड गाउँपालिकाले बाल क्लव तथा बाल सञ्जाल गठन, व्यवस्थापन तथा सहजिकरण निर्देशिका, २०७९ जारी गरेको छ।

## परिच्छेद १ :
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम "बाल क्लव तथा बाल सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका,२०७९" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

## परिच्छेद २

## परिभाषा

(२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(**क**) **स्थानीय तह भन्नाले** गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुलाई समेत जनाउनेछ ।

(**ख**) **सेवा प्रदायक कार्यालय भन्नाले** तिनै तहका सरकार अन्तर्गत उमाकुण्ड गाउँपालिकामा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु, प्रहरी कार्यालय, सामाजिक तथा गैर सरकारी संघ संस्थाहरूलाई समेत जनाउने छ ।

(**ग**) **बाल क्लव भन्नाले** भन्नाले यस निर्देशिका बमोजिम गठन भई गाउँपालिका तथा वडा कार्यालयहरुमा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संगठनलाई जनाउनेछ ।

(**घ**) **बाल सञ्जाल :भन्नाले** यस निर्देशिका बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका बाल क्लवहरूको सञ्जाललाई जनाउनेछ । सो शब्दले वडा तथा गाउँपालिका स्तरीय बाल सञ्जालहरु समेतलाई जनाउनेछ ।

(**ङ**) **विशिष्टीकृत बाल क्लव भन्नाले** विश्वव्यापी प्रचलनमा रहेका विधि तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आवद्ध बाल समूहलाई जनाउनेछ । जस्तो : जुनियर रेडक्रस, राष्ट्रिय रोट्र्याक्ट क्लव, लियो क्लव, रेयुकाई समूह जस्ता विशेष समूहलाई जनाउनेछ ।

(**च**) **सहजकर्ता भन्नाले** बाल समूहको गठन तथा सञ्चालनमा सहयोग तथा सहजीकरण गर्नका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउनेछ ।

(छ) **सहयोगी संस्था भन्नाले** यस गाउँपालिकाको क्षेत्र भित्र रहेका बाल क्लव तथा बाल सञ्जालहरुलाई सहयोग गर्ने, बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका सम्बन्धित निकायबाट अनुमति प्राप्त गैरसरकारी संस्था र सामाजिक संस्थाहरूलाई जनाउनेछ ।

(ज) **सामाजिक परिचालक भन्नाले** विगतमा संघीय सरकारको कार्यक्रम अर्न्तगत नियुक्त भई हाल स्थानीय तहमा समाहित भएका गाउँपालिका र वडा कार्यालयहरुमा कार्यरत रहेका सामाजिक परिचालकलाई जनाउनेछ ।

(झ) **संरक्षक शिक्षक भन्नाले** विद्यालयस्तरमा गठन भएका बाल क्लवलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

(ञ) **बालअधिकार संरक्षण समिति भन्नाले** गाउँपालिका तथा वडा स्तरमा गठन भएका समितिहरुलाई जनाउनेछ ।

३. **निर्देशिकाको उद्देश्यः** यस निर्देशिकाको मूलभूत उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) बाल क्लवहरूको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

(ग) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) स्थानीय विकासका हरेक प्रक्रियामा सार्थक बाल प्रतिनिधित्व मार्फत बालमैत्री पूर्वाधार विकासमा टेवा पुऱ्याउने ।

(ङ) सबै बाल क्लवहरुको गठन, क्षमता बिकास र परिचालनमा एकरुपता ल्याउने ।

(च) गाउँपालिका तथा वडाहरुको वार्षिका योजना चक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन) मा सार्थक बालसहभागिता सुनिश्चित गर्ने ।

४. **निर्देशिकाको कार्यान्वयनः** निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ।

(क) विद्यालय, वडा तथा गाउँपालिकामा बाल क्लव तथा सजांल गठन, व्यवस्थापन र सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु पालिकाको दायित्व हुनेछ।

(ख) बाल सहभागिता तथा बाल क्लव सहजीकरणमा यस निर्देशिकाको प्रचार प्रसार गर्नु र यस बमोजिम कायान्वयन गर्न गराउन गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशिल स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरूको जिम्मेवारी हुनेछ।

(ग) विशिष्टीकृत बाल समूहहरूको सन्दर्भमा यो निर्देशिका लागूहुने छैन।

## परिच्छेद ३

## बाल क्लबको गठन प्रक्रिया

५. **बाल क्लबका किसिम**

(क) कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न १८ वर्ष मुनीका बालबालिका समाबेश गरी सामान्य अवस्थामा १३ देखि २५ जना वा सोभन्दा बढी बालबालिका सदस्य रहेको समूहलाई बाल क्लब मानिनेछ।

(ख) यदि २५ जना भन्दा बढी बालबालिका कुनैपनि बाल क्लबमा आवद्ध भएको अवस्थामा उक्त बाल क्लब अर्न्तगत उप समूह गठन गर्नु पर्नेछ।

(ग) यसरी गठन भएका बाल क्लबहरू गाउँपालिका तथा वडा कार्यालयमा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ।

(घ) एक विद्यालयमा एक बाल क्लब रहनेछ। विभिन्न उमेर र विषयगत बाल समूहहरू सोही बाल क्लब अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन्।

(ङ) विद्यालयस्तरका वाल उपसमुह गठन गर्दा तीन वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेर समूह, १२ देखि १५ वर्ष उमेर समूह र १६ देखि १८ वर्ष उमेर समूह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ। तर समुदायस्तरका बाल क्लब गठन गर्दा ५ देखि १८ वर्ष उमेर समुहको एउटै वाल क्लब गठन गर्न वाधा पर्ने छैन।

(च) बाल क्लब सामान्यतया ५ प्रकारका हुनेछन्ः

(१) **समुदायमा आधारित बाल क्लबहरू देहाय अनुसार हुनेछन** :

(अ) समुदायमा आधारित बाल क्लब निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लबहरु भनिनेछ।

(आ) यस्ता बालक्लबहरु कुनै टोल, बस्ती, वडाभित्र गठन गर्न सकिन्छ।

(इ) यस्ता बाल समूहले सम्बन्धित भूगोलभित्रका सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ।

(ई) बाल क्लबमा उक्त क्षेत्रभित्र सामान्यत ६ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन्।

(२) **विद्यालयमा आधारित बाल क्लबहरू देहायका आधारका हुनेछन** :

(अ) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब भनिनेछ।

(आ) विद्यालयमा आधारित बाल क्लबहरुले सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ।

(इ) यसरी बन्ने बाल क्लबमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनुपर्दछ।

(३) **विषयगत बाल क्लबहरू देहाय अनुसार हुनेछन्** :

(अ) विषयगत रुपमा निश्चित विषयहरू जस्तै : बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लबहरू गठन गर्न सकिनेछ।

(आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल समूहलाई विषयगत बाल क्लब मानिनेछ।

(इ) विद्यालयभित्र यस्ता बाल समूह गठन भएमा उक्त समूहलाई विद्यालयस्तरीय बाल क्लवकै उपसमूह मानिनेछ।

(४) **विशिष्टीकृत बाल क्लब देहाय अनुसारका रहनेछन** :

(अ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार, प्रान्तीय सरकार र स्थानीय

तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछन् । जस्तै : जुनीएर रेडक्रस,स्काउट, लियो, रोटयाक्ट आदि ।

(आ) यस्ता बालक्लबहरुको गठन र व्यवस्थापनविधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुनेछन् ।

(५) **बाल सञ्जाल देहाय अनुसार गठन गर्न सकिनेछ :**

(अ) वडा तथा पालिका स्तरमा सूचीकृत भएका बाल क्लबहरू एक आपसमा भेला भई एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई सामूहिकीकरण गर्न बाल सञ्जाल गठन गरिनेछ ।

(आ) यसरी बाल सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लबहरू सम्मिलित गर्न सकिनेछ ।

**६. बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण**

(क) बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका प्रक्रिया तथा सिद्धान्त पूरा गर्नु पर्नेछ ।

(अ) समुदायमा आधारित बाल क्लब गठन गर्न चाहने व्यक्ति, समूह तथा संगगठनले बाल क्लब गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यूनतम दश दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ ।

(आ) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ ।

(इ) सूचना उपलब्ध गराउने विधिमा गाउँपालिकाको कार्यालय, वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा सूचना टाँस गरी तथा पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ।

(ई) बाल क्लब गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ।

(उ) यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको, सबै बालबालिकालाई केन्द्र पर्ने र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ।

(ऊ) भेलामा छलफलका विषयहरुःबालअधिकारको अवधारणा, बालसहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बाल क्लब गठन गर्नुको कारण र योजना, बाल क्लबको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन।

(ऋ) यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ। यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ।

(ए) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ।

(ऐ) विद्यालयमा आधारित बाल क्लब गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ। एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ।

(ओ) विषयगत बाल क्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

७. **नेतृत्व चयन** : बाल क्लब गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमति भएमा तल उल्लेखित विधि मध्ये कुनै एक विधिबाट चयन गर्न सकिनेछ । कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकामाझ छलफल गरी तय गर्नुपर्नेछ :

(**क**) बहुपदीय नेतृत्व : बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्व : बाल क्लबमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जाने ।

(१) बाल क्लबको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(२) समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य रहनेछन् ।

(३) बाल क्लबको नेतृत्वमा ५० प्रतिशत बालिका, २५ प्रतिशत जनजाती, १० प्रतिशत दलित र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्ने छ ।

(४) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लबको नेतृत्वमा बस्न पाउने छैनून । तर बाल क्लबका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(५) समुदायमा आधारित बाल क्लबको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ भने विद्यालयमा आधारित बाल क्लबको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नु पर्नेछ।

(६) एकै व्यक्ति बाल क्लबको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाधक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन।

(७) ८ वर्ष भन्दा कम उमेर समूहका बालबालिका बाल क्लबको नेतृत्वमा रहनेछैनन्।

(८) बाल क्लबको पदाधिकारीमा बालक र बालिकाको संख्या बाराबरी छान्नु पर्नेछ।

(९) बाल क्लबका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लबलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने।

(घ) नेतृत्व गर्न चाहनेहरूमाझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने।

(ङ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्यबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ। मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्तावाट गर्नु पर्नेछ। मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

**८. बाल सञ्जालहरूको गठन**

(१) बालबालिकाहरुको साझा समस्या तथा सवलहरु अझै संगठित रुपमा उठाउन, बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउन र फरक फरक सिकाईहरुलाई आदानप्रदान गर्न तथा बालबालिकाहरुको सर्वोत्तम हित र विकासका लागि थप अवसरहरुको सृजना तथा खोज गर्नका लागि बाल क्लबहरुको सञ्जा गठन गर्न गरिनेछ।

(२) बाल क्लब सञ्जाल वडा र गाउँपालिका स्तरमा गठन गरिनेछ ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (पालिकार वडा) त ह म ा बाल क्लबहरूको प्रतिनिधिहरुको भेला आयोजना गरिनेछ।

(४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ।

**सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :**

(क) भेलाको लगि तोकिएको मिति, दिन, समय र स्थान,

(ख) भेलामा छलफल गरिने विषयबस्तु तथा एजेण्डा,

(ग) सम्बन्धीत बाल क्लबबाट भेलामा प्रतिनिधित्व गर्नु पर्ने बालक र बालिकाको संख्या

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु।

(५) **बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ।**

(क) सम्बन्धित बाल क्लबले प्रतिनिधि छनौट गरी पठाएको निर्णय उल्लेख गरिएको पत्र।

(ख) विद्यालयमा आधारित बाल क्लबको हकमा उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित बालक र बालिकाको अभिभावक तथा विद्यालय प्रधनाध्यापकको लिखित सहमती पत्र ।

(घ) बालबालिकाको जन्मदर्ताको प्रमाण पत्र ।

(६) **वडा तथा गाउँपालिका स्तरीय बाल भेलाका लागि सहभागीको छनौट ।**

(क) वडाभेला

(अ) वडा अर्न्तगत प्रत्येक टोल, बस्ती र समुदाय स्तरमा गठन भएका बाल क्लब सदस्यहरुको भेलाले आफू मध्येबाट छनौट गरी पठाएका ३ जना (बालक १, बालिका १ र अपांगता भएका वा दलित वा आदिबासी वा लोपन्मुख जातजाति मध्येबाट १ जना) ।

(आ) वडा अर्न्तगत पर्ने विद्यालयहरुमा गठित बाल क्लबहरुको भेलाले छनौट गरी पठाएका १ जना बालक र १ जना बालिका ।

(ख) गाउँपालिका स्तरीय बालभेला : गाउँपालिका अर्न्तगतका वडास्तरीय बाल सञ्जालहरुले आफ्ना सदस्य मध्येबाट छनौट गरी पठाएका ३ देखि ५ जना (२ बालक, २ बालिका र अपांग वा लोपन्मुख जातजाती मध्येबाट १ जना) सम्मको बालप्रतिनिधिहरु ।

(ग) सञ्जाल भेलामा सहभागी हुने बाल क्लबहरुको प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनुपर्नेछ ।

(७) **सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा नियम ८ मा व्यवस्था भए बमोजिमको गरिनुपर्दछ ।**

(८) **सञ्जालको नेतृत्वको पुनःगठन प्रत्येक २ वर्षमा गर्नुपर्दछ ।**

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

**९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन**

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(२) समक्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बाताबरण बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन क्लब वा उपसमितिहरूको गठनबाट पनि विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई प्रोत्साहन गर्नुपर्नेछ ।

(४) बालबालिकामाझ नेतृत्वका लागि हुने स्वच्छ प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

**१०. बाल क्लब तथा सञ्जालहरुको आवद्धता तथा सूचीकरण**

(१) समुदाय तथा विद्यालयमा गठन भएका बाल क्लब तथा बाल सञ्जालहरू गठन भएको मितिले एक महिनाभित्र सम्बन्धित वडा कार्यालय वा गाउँपालिकामा सूचीकृत हुनुपर्दछ ।

(२) विद्यालयमा गठन भएका बाल क्लबको आवद्धता सम्बन्धित विद्यालयसँग र समुदाय,टोल वा बस्तीहरुमा गठन भएका बाल क्लबको आवद्धता र सूचीकरण वडा कार्यालय र गाउँपालिकाको कार्यालयसँग रहनेछ ।

(३) कुनै पनि बाल क्लब तथा सञ्जाल सूचीकरण हुँदा क्लबको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना, सम्पर्क फोन नम्बर र आवद्ध निकाय खुलाइएको हुनुपर्नेछ।

(४) सूचीकृत बाल क्लबहरू तथा बाल सञ्जालहरु हरेक वर्ष नविकरण गर्नुपर्दछ । यसरी नविकरण गराउँदा नविकरणको लागिनिवेदन, बाल क्लबको वार्षिक भेलाको उपस्थिति र पुर्नगठित वा विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम, सम्पर्क फोन नम्बर र सम्पर्क ठेगाना र बाल क्लब बाल सञ्जालले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न कार्यक्रमहरुको सूची सहित प्रगती प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नुपर्दछ।

(५) विद्यालयमा आधारित बाल क्लब नवीकरण गर्दा नवीकरणको लागि निवेदन दिँदा सम्बन्धित विद्यालयको सिफारिसपत्र संलग्न गर्नु पर्दछ।

(६) बाल क्लब तथा बाल सञ्जालको नाम राख्ने सम्बन्धमा बालबालिकाको भेलामा सहभागीहरुले आपसी सहमती गरेर नाम राखिनेछ। कुनै एक बाल क्लब र बाल सञ्जालको नाम त्यही वडा र गाउँपालिकाभित्र रहेको अर्को बाल क्लब र बाल सञ्जालको नाम सँग मिलेको खण्डमा अर्को नाम राख्नु पर्दछ।

(७) बाल क्लब को नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन ।तर ती बाल क्लबहरु तथा सञ्जालहरुको क्षमता अभिवृद्धि, तिनिहरुले उठाएका मुद्दाहरुको लागि वकालत जस्ता कामहरु गर्नलाई आवश्यक सहयोग तथा सहजिकरण गर्न सक्नेछन्।

(८) सम्बन्धीत वडा तथा गाउँपालिकाको योजना प्रक्रियाहरुमा वा निति निर्माण प्रक्रियामा त्यस्ता बाल क्लब तथा बाल सञ्जालहरुले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकाहरुको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्नेछ।

(९) बाल क्लब तथा बाल सञ्जालको सूचीकरण तथा नवीकरणका लागि सहजकर्ता संस्था वा कार्यालयको तोकिएको व्यक्ति अनिवार्य उपस्थित भई प्रमाणित र सहमति प्रदान गर्नु पर्नेछ।

(१०) सूचीकृत तथा नवीकरण भएका बालक्लव तथा बाल सञ्जालहरुकोसम्पूर्ण विवरण सम्बन्धीत वडा तथा गाउँपालिकाले स्थिति प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद ४

## सहजकर्ता सम्बन्धी व्यवस्था

११. **सहजकर्ता संस्था, निकाय र व्यक्तिहरूः**

(१) बाल क्लव तथा बाल सञ्जालको गठन तथा सञ्चालन गाउँपालिकाको महिला तथा बालबालिका शाखा हर्ने कर्मचारीबाट गर्नु पर्नेछ।

(२) प्रत्येक बाल क्लव तथा बाल सञ्जाल सहजीकरण गर्ने एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुनेछ।

(३) सहजकर्ताले बाल क्लव तथा बाल सञ्जालको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा सही र उपयुक्त उपायहरू सुझाउने, आवश्यक स्रोत साधन जुटाउन तथा उपलब्ध स्रोत साधन सम्म उनीहरुको पहुँच पुर्‍याउन  सहयोग गर्नु पर्नेछ।

(४) बाल क्लव तथा बाल सञ्जालका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति बयस्क सहजकर्ता व्यक्ति, संस्था वा सम्बन्धित शाखाको पनि नैतिक जिम्मेवारी रहनेछ।

(५) सहजकर्ताको छनौटमा बाल क्लवको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ।

१२. **वयस्क सहजकर्ताको चयन**

(१) प्रत्येक बाल क्लव तथा बाल सञ्जाल सहजिकरणको लागि एक वयस्क सहजकर्ता अनिवार्य हुनेछ ।

(२) बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्न सहयोग गर्ने स्थानीय संस्था वा वडा कार्यालय तथा गाउँपालिकाले वयस्क सहजकर्ता नियुक्त गर्नेछ ।

(३) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल क्लवसँग कुनै नगदी, जिन्सी फाईदा वा पारिश्रमिक लिन हुँदैन । तर सहयोगी संस्था वा वडा कार्यालय वा गाउँपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

(४) बयस्क सहजकर्ताको शैक्षिक योग्यता न्यूनतम् १२ कक्ष उर्तिण गरेको हुनुपर्छ भने १९ देखि ४० वर्ष उमेर समूहको हुनुपर्छ । तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागू हुने छैन ।

(५) विद्यालयमा आधारित बाल क्लवको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बाल क्लव, वडा तथा पालिका स्तरीय बाल सञ्जालको सहजकर्ता बाल संरक्षण समिति वा बाल मैत्री स्थानीय शासन समन्वय समिति बालसंरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समतिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

(६) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ ।

१३. **बाल क्लवको सहजकर्ता हुनका चाहिने योग्यता**

(१) बाल क्लवको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ

(क) बाल क्लवका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्ने छ ।

(ख) बालअधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(ग) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(घ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

(ङ) बालबालिकाविरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध भएको ।

(च) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको ।

(छ) फौजदारी अपराधमा संलग्न नभएको ।

(ज) सम्बन्धित वडा तथा गाउँ पालिकामा बसोबास भएको ।

(झ) मदिरा, सुर्ती, चुरोट, लागूऔषधको अम्मल नभएको ।

१४. **वयस्क सहजकर्ताको भूमिका र सीमितता**

(१) स्थानीय वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन्

(२) जिम्मेवारी प्राप्त वा छनौट भएका वयस्क सहजकर्ताले देहायका भूमिकाहरू निर्वाह गर्नुपर्ने छ :

(क) बाल क्लव तथा बाल सञ्जालको बैठक संचालन, उनीहरुको आफ्नै व्यक्तित्व विकास, सहभागिता र सर्वोत्तम हितका लागि कार्ययोजना योजना वा क्रियाकलापहरुको योजना निर्माण र त्यसको कार्यान्वयनमा सहजीकरण गने ।

(ख) बाल क्लव तथा बाल सञ्जालहरु, स्थानीय तह तथा सम्बन्धित कार्यालय, संस्थाहरुबीच सम्पर्क, सम्पर्क, समन्वय र सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।

(ग) बाल क्लव तथा बाल सञ्जालले नेतृत्व गरेका क्रियाकलाप वा कार्यक्रमहरूका लागि आवश्यक श्रोत साधन जुटाउन सहयोग गर्ने ।

(घ) बाल क्लव तथा बाल सञ्जालसंग उपलब्ध स्रोत साधनको उपयुक्त र उच्चतम् प्रयोग भए नभएको अनुगमन गर्ने र त्यसको लागि सहजिकरण गर्ने ।

(ङ) बाल क्लव तथा सञ्जालका सदस्यहरूमाझ आएका विवादहरूकोसमाधान गर्न सहयोग गर्ने ।

(च) बाल क्लव र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।

(छ) बाल क्लवलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बाल समूह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।

(झ) बाल क्लवका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपरेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

(३) **वयस्क सहजकर्ताले बाल क्लवको सहजीकरण गर्दा गर्न नहुने कार्यहरु :**

(क) बाल क्लवको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

(ख) बाल क्लवको योजना आफैले बनाउने, निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।

(ग) बाल क्लवलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।

(घ) बाल क्लवका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।

(ङ) बाल क्लवका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने ।

(च) बाल क्लवका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

(छ) बाल क्लवका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

(ज) बाल क्लवका सदस्यहरूलाई एक अर्का विरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।

(झ) बाल क्लवका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।

(ञ) बाल क्लवका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

(४) सहजकर्ताले नियम १४ (२) मा उल्लेखित व्यवहार तथा गतिविधि गरेमा आवश्यक प्रमाण सहित गाउँकार्यपालिका वा सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन् । उल्लेखित गर्न नहुने व्यवहारको सम्वन्धमा सहजर्कता नियुक्ती गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग अग्रिम प्रतिवद्धता लिन सक्नेछ ।

(५) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारबाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

(६) उजुरीका छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिने छैन ।

## परिच्छेद ५

## बाल क्लवको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

१५. **नियमित बैठक तथा छलफलका विषयहरू**

(१) बाल क्लवको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उ त ा र गरी राख्नु पर्नेछ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछः

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(ख) बाल क्लवका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(ग) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि

(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु।

१६. **कार्यक्रम योजना निर्माणः**

(१) देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नु पर्ने छ।

(क) बाल क्लवको बैठक तथा वार्षिक भेलाले मात्र योजना निर्माण गर्ने छ। यसरी योजना निर्माण गर्दा बालबालिकाहरु आफ्नै लागि र आफूले आवश्यक ठानेका र गर्न सकिने क्रियाकलाप मात्र योजनामा राख्नु पर्नेछ। योजनामा मासिक कम्तीमा एउटा कार्यक्रम राख्नुपर्नेछ।

(ख) बाल क्लवको कार्यक्रम योजना निर्माण गर्दा विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(२) **बाल क्लवको कार्यक्रम मूलतः देहायकोविषयमा केन्द्रीत हुनुपर्नेछ :**

(**क**) **बालअधिकारको प्रचार प्रसार**: बाल क्लबले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार प्रसार गर्ने ।

(**ख**) **बालअधिकार अनुगमन**: बाल क्लबहरुले गाउँपालिकाको कार्यालपय, वडा कार्यालय,विद्यालय,विभिन्न अरु कार्यालय तथा संस्थाहरुको कार्यालयमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर,अभिभावकहरुसंग अन्तरक्रिया गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखेका विषयहरु विद्यालय व्यवस्थापन समिति, गाउँपालिकाको कार्यालय, गाउँ शिक्षा समिति, बाल मैत्री स्थानीय शासन समिति, बालसंरक्षण समिति वा सहयोगी संस्था समक्ष तत्काल जानकारी गराउने ।

(ग) **जोखिममा परेका बालबालिकालाई आवश्यक थप सेवाका लागि सम्प्रेषण र सुझाव** : बाल क्लबहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा वडा बाल संरक्षण समितिलाई जानकारी गराउने सम्बन्धीत सेवा प्रदायक संस्था वा कार्यालयमा सम्प्रेषण गर्न सहयोग गर्ने ।

(घ) **शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू** : बाल क्लबहरूकले आफ्ना सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्ते पत्रिका, वक्तित्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु गर्ने ।

(५) **सामुदायिक स्वयंसेवा** :

(क) बाल क्लबका १४ वर्षभन्दा माथिका सदस्यहरुले सुरक्षित ढंगले वयस्कहरूको साथमा समुदायको हितका लागि सामुदायिक स्वयंसेवाका कार्य गर्न सक्छन् । तर बालबालिकाको हित विपरित प्रचलित कानूनले बर्जित गरेका कार्यमा सहयोग गर्न सक्ने छैनन् ।

(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ ।

(ग) प्रचलित कानूनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन् ।

(६) **निर्णय प्रक्रियालाई प्रभावित पार्ने** : बाल क्लबहरूले सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तरक्रिया, बाल सुनुवाई, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू गर्न सक्नेछन् ।

**१७. बाल समूहले सञ्चालन गर्ने नसक्ने कार्यक्रमहरूको सीमाः**

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(२) सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य ।

(३) कुनै पनि जातजाति, धर्म, क्षेत्र वा पेशा व्यसाय प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(६)उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(७) बाल क्लब कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०)सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बालसंरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाँउपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

## परिच्छेद ६

## बाल क्लबको सदस्यता सम्बन्धी व्यवस्था

**१८. सदस्यता वितरण र व्यवस्थापन**

(१) बाल क्लबले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्नेछ। विद्यालयमा आधारित बाल क्लब को सदस्य हुन सोही विद्यालयको विद्यार्थी र समुदायमा आधारित बाल क्लबको सदस्य हुन सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्दछ।

(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल क्लबले सदस्य बनाउनुपर्दछ।

(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइनेछैन।

(४) सदस्य नभएकै कारण बाल क्लबले आयोजना गर्ने खुलार सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनेछैन।

(५) सदस्यहरूको अभिलेख बाल क्लबले आफ्नै रजिष्टरमा राख्न सक्नेछ। यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :

(क) बालबालिकाको नाम, थर,

(ख) ठेगाना,

(ग) उमेर, लिंग, (विद्यालयमा भए कक्षा),

(घ) अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म)।

(६) बाल क्लबले आफ्नो सदस्यलाई सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ।

(७) बाल क्लबका सदस्यहरूका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ। तर कुनै बालबालिकाले केही कारणवश सदस्यता शुल्क तिर्न नसकेकै कारणले उसलाई सदस्य बन्नबाट रोक्न सकिने छैन।

(८) बाल क्लबका सदस्यहरूले तिर्ने सदस्यता शुल्क वा नवीकरण शुल्क न्यून र स्थानीय अभिभावकहरूको क्षमताले धान्न सक्ने हुनुपर्नेछ।

(९) बाल क्लबमा विभिन्न श्रोतबाट जम्मा हुन आएको रकमको संरक्षण विद्यालय व्यवस्थापन समिति वा स्थानीय बालमैत्री शासन समन्वय समिति वा वयस्क सहजकर्ताले पारदर्शी ढंगले राख्नु पर्नेछ।

**१९. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन**

(१) बाल क्लबका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आप् ञ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल क्लबको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ। बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ।

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ।

(ग) बाल क्लबको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो क्लबका सदस्य र सहजकर्तासँग आफूले के कस्ता सवाल उठाउनेभनि छलफल र परामर्श गर्नुपर्नेछ।

(घ) बाल क्लबका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो क्लबका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ। प्रतिवेदन लेखेर बाल क्लबको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ।

**२०. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण सामान्यतया बाल क्लबमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधान गर्न सकिनेछ :**

(१) बाल क्लबको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ।

(२) बाल क्लबको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ।

(३) बाल क्लबका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनुपर्ने छ। कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने।

(ग) बाल क्लबले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने।

(घ) बाल क्लबलाई धेरै आर्थिक भार पर्ने तथा लामोसमय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने।

(छ) अन्य बाल क्लब वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने।

(४) बाल क्लबका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपर्नेछ। यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ।

(क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

(ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल क्लबको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल क्लबले गतिविधि सञ्चालन गर्ने ।

(५) बाल क्लबका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ।

(क) बाल क्लबका सदस्यहरूमाझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

(ख) बाल क्लबका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल क्लबको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

(६) बाल क्लबभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ।

## परिच्छेद ७

## बाल क्लबको आर्थिक कोष व्यवस्थापन तथा सहायता

**२१. आर्थिक व्यवस्थापन**

(१) बाल क्लबको आर्थिक कोषमा देहायको रकम रहनेछ।

(क) स्वेच्छिक रुपमा उठेको सदस्यहरूको नवीकरण वा मासिक शुल्क,

(ख) चन्दा तथा सहयोग,

(ग) संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) गाउँपालिका तथा वडाबाट प्राप्त हुने आर्थिक सहायता,

(च) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र

(छ) यस्तै अन्य आय।

(२) बाल क्लबले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्ने छ। कुनै पनि व्यक्ति, संस्था वा कार्यालयले बाल क्लब का लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ।

(३) बाल क्लबको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार राख्नु पर्नेछ र खर्च फछ्र्यौट गर्दा उपलब्ध बिल भरपाई र आय व्ययको हस्तलिखित विवरण सहित पेश गर्नु पर्नेछ।

(४) बाल क्लबले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन। यस्ता कृयाकलापमा देउसी-भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन। यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ।

(५) बाल क्लबले संकलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ। यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्न पाइने छैन।

(६) बाल क्लबको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ। बाल क्लबको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ। यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल क्लबबाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ।

## परिच्छेद ८

## बाल क्लब र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

२२. **स्थानीय तह (गाउँपालिका तथा वडा) सँगको सम्बन्ध र सहकार्य**

(१) सबै बाल क्लबहरू आफ्नो वडा कार्यलय वा गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रकृयामा सूचीकृत तथा नवीकरण हुनुपर्नेछ।

(२) वडा तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लब को विवरण अद्यावधिक गर्ने र सरोकार निकायमा आदान प्रदान गर्न सक्नेछन्।

(३) वडा तथा गाउँपालिकाले आफ्नो मूल योजना वा वार्षिक योजनामा बालबालिकाहरुका स्थानीय सवाल र समस्यालाई सम्बोधन गर्नेगरी क्रियाकलाप तथा आवश्यक बजेट विनियोजन गर्नेछ ।

जस्तै : बाल क्लब तथा सञ्जालको मासिक बैठक,बाल क्लब तथा सञ्जालको संचालन तथा व्यवस्थापनका लागि क्षमता वृद्धि, बाल क्लब

तथा सञ्जाल सहजिकरण गर्ने सहजकर्ता र बाल संरक्षण समितिको लागि आवश्यक खर्च, खेलकुदका सामाग्री, महिनावारी सरसफाई तथा व्यवस्थापन सम्बन्धी जस्ता क्रियाकलापहरुका लागि सम्बन्धित वडा तथा पालिकाले वार्षिक बजेट विनियोजन गर्नेछ ।

(४) वडा तथा गाउँपालिका अर्न्तगत निर्माण तथा कार्यान्वयन भएका बालबालिका सम्बन्धी योजना, कार्यक्रम तथा उक्त कार्यालयहरुबाट उपलब्ध गराईने सेवा, सुविधाहरुको बारेमा जानकारी तथा सूचनाहरु लिने, त्यस्ता जानकारी तथा सूचनाहरु प्रचार प्रसार गर्ने र नीति, योजना, कार्यक्रम तथा सेवा सुविधाबाट बालबालिकहरुलाई फाईदा पुगेको वा नपुगेको कुरा अनुगमन गर्ने र आवश्यक परेमा सरोकारवालाहरुसँग आवाज उठाउने काम सबै बाल क्लब तथा बाल सञ्जालहरुले गर्न सक्नेछन् ।

(५) बाल क्लबले वडा तथा गाउँपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र अन्य सहयोगको अनुरोध गर्न सक्नेछन् ।

(६) बाल क्लबले हरेक वर्ष आफूले सम्पादन गरेका कार्यक्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा गाउँपालिकाको महिला तथा बालबालिका शाखामा उपलब्ध गराउनुपर्नेछ ।

२३. **बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य**

(१) वडा तथा पालिका स्तरमा गठन गरिएका औपचारिक तथा अनौपचारिक समितिहरु जस्तै : बाल अधिकार संरक्षण समिति, गाउँ बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन ।

(२) यी समितिहरूमा बाल क्लब वा सञ्जालका प्रतिनिधिहरूलाई सदस्यको रुपमा सहभागी गराईनेछ।

(३)यस्ता समितिहरूको वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल संरक्षण, बाल विकास, बाल सहभागितालाई प्रवर्द्धन गर्ने गतिविधि तथा क्रियाकलापहरु समावेश गरिनुपर्छ।

(४) बाल क्लब तथा बालबालिकाबाट प्राप्त हुन आएका वडा तथा पालिका सगँ सम्बन्धित गुनासा र सुझावहरूलाई उचित सम्बोधन गर्नको लागि समितिहरूद्धारा पैरवी गर्नुपर्दछ।

(५)बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न सम्बन्धित निकायहरूबीच समन्वय गर्ने तथा बाल क्लबका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल क्लब पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ।

२४. **विद्यालय व्यवस्थापन समितिको भूमिका**

(१) विद्यालयमा रहेका बाल क्लबहरू विद्यालय व्यवस्थापन समितिसँग आवद्ध गर्नुपर्ने छ।

(२) विद्यालयको वार्षिक योजना तथा कार्यक्रममा बालबालिकाका समस्या तथा सवालहरुलाई सम्बोधन गर्नेगरी क्रियाकलाप तथा बजेट निर्धारण गरिनु पर्दछ। यसरी कार्यक्रम तथा बजेट बिनियोजन गर्दा विद्यालय स्तरीय बाल क्लबका सदस्यहरु व प्रतिनिधिहरुसँग परामर्श गरिनुपर्दछ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल क्लबका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराइनु पर्दछ र विद्यालय व्यवस्थापन समितिका बैठकहरूमा बालबालिकाहरुले आफ्नो कुरा राख्न सक्ने वातावरण बनाईदिनुपर्छ, उनीहरुको आवाज, समस्याहरु वा सवालहरु सुनिनुपर्दछ र उनीहरुले राखेको समस्या, सवाल र सरोकारहरुको उचित सम्बोधन गरिनुपर्दछ।

यदि सम्बोधन गर्न नसकिएको खण्डमा किन सम्बोधन गर्न सकिएन भन्ने बारेमा प्रष्ट कारण खुलाई दिनुपर्दछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष सहभागी गराइनु हुँदैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहार, पढाउने शैली विकास, भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल क्लबका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

**२५. अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिकाः**

(१) वडा तथा पालिकाभित्र क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित नीति, रणनीति, योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा बाल क्लबका प्रतिनीधिहरूसँग अनिवार्य परामर्श गर्नु पर्दछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवा, सुविधा तथा कार्यक्रमहरुको प्रभावकारीताको अनुगमन गर्न बाल क्लबसँग सहकार्य गर्न सक्छन् । तर यसरी सहकार्य गर्दा बाल क्लबका सदस्यहरुको विद्यालय शिक्षालाई नकरात्मक असर पर्नु हुँदैन ।

(३) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिम हुने, फौजदारी अपराधका विषय, विवादित विषय लगायतका विषयमा छलफल गर्न , उनीहरुको राय वा निश्कर्ष माग्न र त्यस्ता काममा संलग्न वा सहभागी गराउनु हुँदैन । तर, न्यायिक प्रक्रियामा भने जोखिममा परेका वा जोखिम प्रभावित बालबालिकाहरुसँग परामर्श गर्न सकिनेछ ।

(४) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्ने छैनन । तर यतायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. स्थानीय तहको योजना तर्जुमामा बाल क्लबको प्रतिनिधित्वको व्यवस्था**

(१) वडा तथा पालिकाकको योजना निर्माण चक्रमा बाल क्लबको प्रतिनिधित्व अनिवार्य हुनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लबका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) वडा स्तर र पालिका स्तरमा बाल भेला मार्फत बालबालिकाहरुको सरोकार, आवश्यकता, समस्या वा सवालहरु निर्धारण र प्राथमिकिकरण गर्नु पर्नेछ । यसरी निर्धारण र प्राथमिकिकरण गरिएका सवालहरुलाई सम्बोधन गर्न वडा तथा पालिकाको वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लबलाई बालबालिकाको लागि निर्माण गरिएको योजना तथा विनियोजन गरिएको बजेट बारेमा सबै बाल क्लबहरुको जानकारीको लागि सार्वजनिका सूचना जारी गरिनुपर्नेछ । यस्तो सूचना सरल भाषामा हुनुपर्नेछ ।

## परिच्छेद ९

## बाल क्लबको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

**२७. बाल क्लबको सम्मिलन**

(१) एकै विद्यालय, वडा वा गाउँपालिकाभित्र रहेका बाल क्लबहरू सम्मिलन हुन सक्ने छन तर फरक-फरक विद्यालय, वडा वा गाउँपालिकाभित्र रहेका बाल क्लबहरू सम्मिलन हुन सक्ने छैनन् ।

(२) सहजकर्ताको उपस्थितिमा मात्रै बाल क्लबका सदस्यहरूको भेलाले सम्लिनमा जाने निर्णय गर्नुपर्नेछ।

(३) सम्मिलन गर्न चाहने सबै बाल क्लबका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि दफा ७ मा उल्लेख भए अनुसार नयाँ कार्य समिति चयन गर्नुपर्ने छ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित वडा तथा पालिकाको कार्यालयमा सम्मिलनको जानकारी गराउनुपर्ने छ।

(५) यसरी सम्मिलनपछि सम्मिलन भएका बाल क्लबको सूचीकरण खारेज हुनेछ र नयाँ बाल क्लब सूचीकृत हुनेछ।

**२८. बाल क्लबको विघटन**

(१) बाल क्लब देहायकोअवस्थामा विघटन भएको मानिनेछ।

(क) बाल क्लब लगातार २ वर्षसम्म स्थानीय तहमा अद्यावधिक नभएमा यस्ता बाल क्लब विघटन गर्न सकिने छ। तर अद्यावधिक नभएका बाल क्लबलाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिनेछ।

(ख) बाल क्लबका बहुमत सदस्यहरूले बाल क्लब विघटन गर्ने निर्णय गरेमा।

(ग) विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल क्लब विघटन गर्न सिफारिस गरेमा।

(घ) वडा कार्यालय, पालिका कार्यालय, सहजकर्ता संस्थाले उपयुक्त कारण देखाइ बाल क्लब विघटन गर्ने निर्णय गरेमा।

(२) यसरी दफा २८(१) (ग) र (घ) अनुसार विघटन हुनुपूर्व सार्वजनिक सूचना जारी गरिनेछ र बाल क्लबका सदस्यहरूसँग छलफल गरिनेछ।

(३) विघटन भएका बाल क्लब स्थानीय वडा तथा पालिकाको सूचीकरणबाट स्वतः खारेज हुनेछन।

(४) विघटन भएका बाल क्लबका सम्पत्ति तथा दस्ताबेजहरू सम्बन्धित विद्यालय, वडा कार्यालय वा गाउँपालिकाको कार्यालपयको संरक्षणमा रहनेछ र आवश्यक परेमा अर्को बाल क्लब लाई उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद १०

## विविध

**२९. बाल क्लब भित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण**

(१) बाल क्लबभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण लागि देहाय उपाय अवलम्वन गर्न सकिनेछ।

(क) बाल क्लब का सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति हुनुपर्दछ।

(ख) बाल क्लब तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गर्नुपर्दछ।

(ग) बाल क्लबले कुनै एक राजनीतिक दल वा क्लबसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना गर्नुहुँदैन ।

(घ) बाल क्लबले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति बनाउन हुँदैन ।

(ङ) बाल क्लबले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्नु हुँदैन ।

(च) बाल क्लबले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्न हुँदैन ।

**३०. बाल क्लब भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन**

(१) बाल क्लब भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्नु पर्नेछ ।

(क) बाल क्लबले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्ने छ ।

(ख) बाल क्लब तथा यसका सदस्यहरूले सबै लिंग,जाति, धर्म, वर्ग र समुदायप्रति भेदभावरहित बोली व्यवहार प्रर्दशन गर्ने, सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने, गलत सामाजिक अभ्यासहरुलाई निरुत्साहित गर्ने र आफ्नो पढाई लेखाई लाई प्राथमिकता दिने जस्ता कुरामा जोड दिने र यसो गर्नाका लागि अन्य बालबालिकाहरुलाई पनि अभिमुखीकरण गर्ने गर्नु पर्दछ ।

(ग) बाल क्लबमा समावेशी सिद्धान्तको अवलम्वन गर्दै सबै जातजाती, लिंग, धर्म, वर्ग र समुदायका बालबालिकाको प्रतिनिधत्व तथा सहभागी हुनसक्ने व्यवस्था गरिनुपर्दछ । बाल क्लबको नेतृत्व छनौट गर्दा पनि ती आधारहरुलाई मान्नु पर्दछ ।

(घ) बाल क्लबको बैठकमा धर्म, संस्कृति, चालचलन, अभ्यासहरुलाई छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ।

३१. **बाल क्लबका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन**

(१) बाल क्लबका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्वन्धमा देहायअनुसार गर्नु पर्नेछ।

(क) कुनै पनि बाल क्लब गठन गर्नु अगाडि उक्त समुदाय तथा विद्यालयमा बाल क्लबको आवश्यकता, अवसर र सम्भावनाहरूबारे अविभावक अनुशिक्षण आयोजना गर्नुपर्नेछ।

(ख) बाल क्लबले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्द्धन नगर्न सक्छन्, त्यस्ता बाल क्लबको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिने छ।

(ग) बाल क्लबका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, गाउँ कार्यपालिका वा वडा कार्यालय, नागरिक सूचना केन्द्रहरूमा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिने छ।

(घ) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्नुपर्ने छ।

(ङ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल क्लबका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल क्लबका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ। तर सुझाव वा गुनासाको आधारमा मात्रै बाल क्लब विघटन गर्ने वा बाल क्लबका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिने छैन।

(च) विद्यालयमा आधारित बाल क्लबका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन् ।

(१) स्थानीय तहले सवैवाल क्लब तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूचि १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्ने छ ।

३२. **बाल क्लबका क्रियाकलाप एकरुपताका अनुसूचीहरू**

(१) वडा तथा गाउँपालिकाले सबै क्लब तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूचि १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ ।

## अनुसूची १

## बाल क्लब तथा बाल सञ्जालको नियम ढाँचा

क) बाल क्लब तथा बाल सञ्जालको परिचय

नाम :

ठेगाना :

सूचीकरण नम्बर :

ख) बाल क्लब तथा बाल सञ्जालको उद्देश्य र विषयहरू

१.

२.

३.

४.

ग) बाल क्लब तथा बाल सञ्जालको संगठन

१. सदस्य बन्ने तरिका

२. नेतृत्व चयन गर्ने तरिका

३. विघटन हुने अवस्था

४. सदस्य बन्न नपाउने व्यक्तिहरू

५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू

घ) बाल क्लब तथा बाल सञ्जालका सदस्यले पालन गर्नुपर्ने नियमहरू

१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरू

२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरू

३. बैठकमा पालन गर्ने नियमहरू

४. अन्य बाल क्लबका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरू

ङ) बाल क्लब तथा बाल सञ्जालको आर्थिक कोष तथा श्रोत

१. सदस्यता शुल्क

२. नवीकरण शुल्क

३. अन्य सहायता र श्रोतहरू

४. आम्दानी जम्मा गरी राख्ने ठाउँ

५. आम्दानी र खर्च विवरण राख्न तोकिएको व्यक्ति

च) अन्य विषयहरू

## अनुसूची २

## बाल क्लब तथा बाल सञ्जालका लागि आवश्यक आधारभूत सामग्रीहरू

१. बाल क्लबको सामग्री राख्नका लागि बाकस वा दराज

२. माइन्युट कापी (निर्णय पुस्तिका)

३. कार्यक्रम विवरण लेख्ने कापी(कार्यक्रम पुस्तिका)

४. बाल क्लबको नियम

५. बाल क्लबका अध्ययन सामग्रीहरू

६. बाल क्लबको आम्दानी र खर्च लेख्ने लेखा कापी (आय- व्यय पुस्तिका)

७. कलम

८. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

## अनुसूची ३
## बाल क्लब कार्ययोजना फारम

बाल क्लबको नाम :

बाल क्लबको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :.............................

| क्र.स. | कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची ४
## बाल क्लब कार्यप्रगति विवरण फारम

बाल क्लबको नाम :

बाल क्लबको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :.............................

| क्र.स. | सम्पन्न कार्यक्रमको नाम | कार्यक्रम भएको स्थान | विषय | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची ५

## बाल क्लब ⁄ बाल सञ्जाल बैठक माइन्युटको नमूना

बाल क्लब/सञ्जालको नाम : ....................................

बैठक संख्याः... मिति :

बैठक स्थानः

वयस्क सहजकर्ताको नाम :

आज मिति .....................मा ..................... बाल क्लब/सञ्जालको बैठक यस क्लब/सञ्जालका श्री......................... को अध्यक्षतामा बस्यो। बैठकमा उपस्थित सदस्यहरूवीच तपशिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो ।

**बाल क्लब ⁄ सञ्जालका पदाधिकारी तथा सदस्यहरु उपस्थिति**

१)...........

२)..........

३)............

४) वयस्क सहजकर्ता :

५) आमन्त्रित (कोही भए)

प्रस्तावहरू

क)

ख)

ग) निर्णयहरू

  क)

  ख)

## अनुसूची ६
## दर्ता सम्बन्धी निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
उमाकुण्ड गाउँपालिकाको कार्यालय,
प्रिति, रामेछाप

**विषयः बाल क्लब/सञ्जाल दर्ता गरिपाउँ ।**

महोदय ,

उपरोक्त सम्बन्धमा बाल क्लब तथा बाल सञ्जाल गठन तथा सहजिकरण निर्देशका बमोजिम गठन गरिएको ........................बाल क्लब/सञ्जाललाई यस गाउँपालकामा दर्ता गरी प्रमाण - पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।निर्देशिकाको अनुसूची ५ बमोजिमको बैठकको निर्णय प्रतिलिपी, बाल क्लब/सञ्जालका पदाधिकारीहरुको जन्म दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, संलग्न गरी देहाएको विवरण सहितयो निवेदन पेश गरेका छौं ।

विवरणः
बाल क्लब/सञ्जालको नाम :
ठेगाना :
सहजकर्ताको नाम :
सम्पर्क नं.
सल्लाहकारको नाम :
सम्पर्क नं.
बाल क्लब/सञ्जालका पदाधिकारहरुको विवरण :

| क्र.स. | नाम,थर | पद | ठेगाना | जन्म मिति | जाति | लिंग | कक्षा | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

........................ ....................
सचिव अध्यक्ष

## अनुसूची ७

## बाल क्लब/सञ्जाल दर्ता प्रमाण –पत्रको नमुना

उमाकुण्ड गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

**प्रमाण –पत्र**

प्रमाण-पत्र नं..........

रामेछाप जिल्ला उमाकुण्ड गाउँपालिका वडा नं...........मा रहेका/अवस्थित श्री ...........................विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुको भेलाबाट गठन भएको श्री.......................................................................... बाल क्लब/सञ्जाललाई यस गाउँपालिकामा मिति ...................................का दिन दर्ता गरी स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ। यहाँहरुको बाल क्लब/सञ्जालले सबै बालबालिकालाई बालमैत्री वातावरणमा बालअधिकारका सम्पूर्ण आधार भूत हक अधिकार प्रत्याभूत गर्नको लागि महत्वपूर्ण भूमीका निर्वाह गर्नेछ भन्ने विश्वास लिईएको छ।

शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**उमाकुण्ड गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय, प्रिति, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**नविकरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर, भौचर नं.र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ८

### बाल क्लब तथा सञ्जालका पदाधिकारीहरुका लागि नमुना आचारसंहिता

(क) २० वर्ष नपुगी आफूले पनि विवाह नगर्ने र बाल विवाहसँग सम्बन्धित कुनै पनि क्रियाकलापलाई सहयोग नगर्ने ।

(ख) कुनै पनि प्रकारको मध्यपान, धुम्रपान, सूर्तिजन्य पदार्थ तथा लागू औषधको सेवन नगर्ने ।

(ग) सार्वजनिक विदा वा विद्यालय विदाको दिन बाहेक अरु दिन नियमित विद्यालय जाने ।

(घ) विद्यालयमा आयोजना गरिने अतिरिक्त क्रियाकलापहरुम सक्रिय सहभागी हुने र आयोजना गर्ने कुरामा विद्यालयलाई सहयोग गर्ने ।

(ङ) लिंग, जाती, शारीरिक अवस्था, शैक्षिक अवस्था जस्ता कुराहरुको आधारमा कुनै पनि बालबालिकालाई भेदभावपूर्ण व्यवहार नगर्ने ।

(च) कुनै पनि बालबालिका उपर दुर्व्यवहार नगर्ने र यसो गर्न अरुलाई पनि नउक्साउने ।

(छ) फूर्सदको समयलाई सृजनात्मक क्रियाकलापहरुमा प्रयोग गर्ने ।

(ज) आफूलाई जोखिम नहुने गरी घरपरिवारको कामकाजमा सघाउने ।

(झ) टेलिभिजन,रेडियो, मोवाईल, इन्टरनेट जस्ता संचार उपकरण तथा सुविधाको दुरुपयोग नगर्ने । तर, आवश्यक सूचना तथा जानकारी प्राप्त गर्न र आफ्नो पढाई लेखाईलाई थप मजबुद बनाउन प्रयोग गर्ने ।

(ञ) आफ्नो अधिकारको प्रयोग गर्दा अरुलाई हानि नोक्सानी नहुने गरी गर्ने ।

(ट) आफू भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया तथा हेरचाह गर्ने ।

(ठ) अभिभावक, शिक्षक र प्रौढहरुको पनि कुरा सुन्ने र राम्रो कुराहरुलाई अवलम्वन गर्ने ।

(ड) बस्ती, समुदाय, वडा र गाउँपालिका स्तरका योजना प्रक्रियाहरुमा बालबालिकाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र बालबालिकाहरुका सवाल, समस्या तथा सरोकारहरु राख्ने ।

**प्रमाणीकरण मितिः २०७९।११।२५**

**आज्ञाले,**
**दिल कृष्ण श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**